नेपाल सरकार
शिक्षा मन्त्रालय
# छात्रवृत्ति शाखा
केशरमहल

**Engineering, Agriculture र Medicine विषयमा Master, PhD / Post Doctorate तहको छात्रवृत्ति छनौट परीक्षाका लागि आवेदनसम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मितिः२०७१।११।२१)

नेपाल सरकारलाई चीन सरकारबाट प्राप्त Engineering, Agriculture र Medicine विषयमा Master, PhD / Post Doctorate तहको छात्रवृत्तिमा अध्ययनका लागि खुला प्रतियोगिताबाट उम्मेदवार छनौट गर्नुपर्ने भएकाले तोकिए बमोजिम न्यूनतम योग्यता पुरा गरेका एवं Master तहका लागि ३५ बर्ष र PhD , Post Doctorate तहका लागि ४० बर्ष उमेर ननाघेका ईच्छुक नेपाली नागरिकहरूले मिति २०७१ फागुन २९ देखि २०७१ चैत्र ५ गतेसम्म यस मन्त्रालयको वेबसाइट (www.scholarship.moe.gov.np or www.moe.gov.np) मा अनलाइनबाट दरखास्त दिन सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

यस मन्त्रालयलाई प्राप्त भएको तपसिल अनुसारका छात्रवृत्ति मध्ये छात्रवृत्ति नियमावली अनुसार साधारण तर्फ ५५ प्रतिशत र आरक्षण तर्फको ४५ प्रतिशत वितरण गरिने छ । तर आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न समुदायका व्यक्ति उपलब्ध नभएमा नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गरिने छ र नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका व्यक्ति समेत उपलब्ध नभएमा साधारण समूहका व्यक्तिलाई उक्त स्थान प्रदान गरिने छ ।

| S.N. | Field of Subject | | Subject | Master | PhD | Post Doctorate |
|---|---|---|---|---|---|---|
| A | Engineering | 1 | Geo-Technology | | 3 | |
| | | 2 | Bridge & Tunnel | | 3 | |
| | | 3 | Bio-Medical Engineering | 2 | | |
| | | 4 | Material Science & Technology Engineering | | 2 | |
| | | 5 | Agriculture Engineering | 3 | 2 | |
| | | 6 | Railway Engineering | 4 | | |
| B | Agriculture | 1 | Soil Science | | 2 | |
| | | 2 | Livestock | | 2 | |
| | | 3 | Horticulture | | 4 | |
| | | 4 | Agri- Economy | | 1 | |
| | | 5 | Vet nary Pharmacology | | 1 | 1 |
| C | Medicine | 1 | Radiology | | 2 | |
| | | 2 | Nuclear Medicine | 2 | | |
| | | 3 | Health Economy | 2 | | |
| Total | | | | 13 | 22 | 1 |

**सामुदायिक विद्यालय तर्फको आरक्षण समूह (Community School Group) मा समावेश हुनका लागि निम्न कागजात गर्नुपर्ने छ।**

(१) **एस.एल.सी. उत्तीर्ण गरेको विद्यालय सामुदायिक (सरकारी) हो भनी जिल्ला शिक्षा कार्यालयले प्रदान गरेको सिफारिस पत्र।**

(२) **सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाले विपन्नताको कारण खुलाई छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० को अनुसूची १ख. अनुरूपको ढाँचामा २०७१ फागुन २१ देखि २०७१ चैत्र ५ गतेसम्म जारी गरेको विपन्नताको सिफारिस पत्र ।**

(३) **आफू सम्बन्धित समुदायको व्यक्ति भएको प्रमाणित हुने गरी तोकिएको निकायबाट सिफारिस पत्र।**

**अन्य विस्तृत विवरण सहितको सूचना पछि प्रकाशित गरिने छ।**

देहाय अनुसारको ढाँचामा विपन्नताको सिफारिस मिति २०७१/११/२१ देखि २०७१/१२/०५ गते भित्रको सम्वन्धित व्यक्ति बसोबास गरेको गाविस/नपा/उपमहानपा वा महानपा को **Letter Pad** मा आधिकारीक पदाधिकारीले प्रमाणित गरेको हुनुपर्ने छ। सिफारिस देहाय बमोजिमको ढाँचामा नभएमा सामुदायिक विद्यालय अन्तर्गतको कोटामा आवेदन समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

विपन्नताको सिफारिस ढाँचा

अनुसूची –१ख.

(नियम १३क. को उपनियम (३) सँग सम्बन्धित) मिति

श्री शिक्षा मन्त्रालय

केशरमहल, काठमाडौ ।

विषय :– विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री ..................को नाति/नातिनी श्री ................ को छोरा/छोरी ........... जिल्ला ........................गा.वि.स./न.पा./उ.म.न.पा/म.न.पा.............वडा बस्ने वर्ष ...... को श्री/सुश्री/श्रीमती .................. मिति .......... देखि ........ सम्म ................................... सामुदायिक विद्यालयमा अध्ययन गरी एस.एल.सी. उत्तीर्ण गरेका विद्यार्थी हुन् । निज ............................................................... कारणले विपन्न भएको देखिंदा निजलाई विपन्न व्यक्तिको लागि आरक्षित गरिएको छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको,–

सही :

नामः

पदः

कार्यालयको छाप :

कार्यालयः